# घरेलु नर्सरी व्यवस्थापन पुस्तिका



प्रकाशक:

नेपाल कृषि वन प्रतिष्ठान

Nepal Agroforestry Foundation (NAF)

**परिचय:**

संघ संस्था दर्ता ऐन २०३४ बमोजिम नेपाल कृषिवन प्रतिष्ठानको नामले दर्ता भएको यो गैर सरकारी संस्था हो । कृषिवन प्रविधिलाई गाउँमा पुऱ्याउने यसको मुख्य अठोट हो । स्थानीय तहका गैर सरकारी संस्थाहरूलाई अन्न खेती, रूख, घाँसपात र वस्तुको विकास पक्षलाई वातावरण नबिग्रने गरी समाजले धान्ने र विकास फस्टाउने काम गर्न सक्ने बनाउनु हो नाफा कमाउनु होइन । हालमा यस प्रतिष्ठानले धादिङ, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रामेछाप, चितवन, रसुवा, र मध्यतराईका धनुषा, महोत्तरी र सर्लाही जिल्लाहरूमा कार्यक्रम संचालन गर्दै आएको छु ।

**परिकल्पना :**

सशक्त एवं आत्मनिर्भर ग्रामिण कृषि समाजको स्थापना गर्ने ।

**ध्येय :**

स्वालम्बी हुन प्रयासमा लागेका समूहहरूको संजाल (नेटवर्क) विकासद्वारा स्थानीय स्रोतको प्रभावकारी रुपमा परिचालन गरि गरिब तथा निमुखा समुदायको जीवनशैलीमा सुधार ल्याउने ।

**उद्देश्य:**

- ❖ वन उपभोक्ता समूह, महिला कृषिवन समूह, बचत तथा ऋण सहकारी संस्था तथा गैर सरकारी संस्था बीचको सम्बन्ध मजबुत गर्नका लागि नेटवर्कको विकास गर्ने ।
- ❖ कृषक तथा कृषि क्षेत्रमा आधारित स्थानीय तथा राष्ट्रिय स्तरमा बोट विरूवाका प्रजाती र तिनको बासस्थानको अनुसन्धान तथा प्रचार प्रसार गर्ने ।
- ❖ कृषिवन प्रविधिको विस्तार एवं प्रवर्धन गर्ने ।
- ❖ प्राकृतिक सम्पदा एवं संस्कृतिको संरक्षण एवं सुधार गर्ने ।
- ❖ ग्रामिण आयमा बढावा दिने ब्यवस्था बारे बजार जानकारी प्रणालीलाई प्रभावकारी तथा समतामूलक बनाउने ।
- ❖ स्थानीय संगठनहरूको आर्थिक विकासको सम्भावना मजबुत गर्ने ।
- ❖ कृषिवन भूसंरक्षण तथा जलाधार संरक्षण सम्बन्धि अनुसन्धान गर्ने ।

**खास सेवा :**

कृषिवन संलगन अनुभवी अगुवा गैर सरकारी संस्थाद्वारा कृषिवनमा लागेका अन्य सहयोगी संस्थालाई समस्याको पहिचान गर्न, कार्यक्रमको रूपरेखा तैयार गर्न प्राविधिक सेवा, अभिलेख राख्न र सांगठानिक विकासका कार्यहरूको लागि निम्न सहयोगहरू उपलब्ध गराउने:

- ❖ बीउ, विरूवा, कलमी कैची र प्लाष्टिकका थैला ।
- ❖ नयाँ कार्यक्रमहरू बनाउने र रूख विरूवाका जात छनौट गर्ने आधार तयार पार्न चाहिने तथ्यांक राख्ने फारामहरू
- ❖ कृषिवन सम्बन्धि पुस्तक, पुस्तिका, पर्चा र नमूना बीउहरू

**तालिम सेवा:**

- ❖ कृषिवन परिचयात्मक गोष्ठी
- ❖ कृषिवन प्रशिक्षक प्रशिक्षण
- ❖ घरेलु नर्सरी
- ❖ सामुदायिक वन ब्यवस्थापन
- ❖ तरकारी खेती
- ❖ बीउ संकलन
- ❖ समूह गठन तथा ब्यवस्थापन
- ❖ बचत तथा ऋण सहकारी ब्यवस्थापन
- ❖ परियोजना प्रस्तावना/परियोजना तर्जुमा
- ❖ महिला सशक्तिकरण

**चिनारी सेवा:**

यस संस्थाको संचालनका निमित्त स्थायी प्राविधिज्ञहरू छन् । किसानको तालिम, परिक्षण, प्रसारका निमित्त अनुभवी किसानको सेवा पनि उपलब्ध छ ।

**तालिम हुने ठाउ:**

- ❖ माफीटार, कुम्पुर गा.वि.स., धादिङ ।
- ❖ कुन्ताबेशी, महादेवस्थान गा.वि.स., काभ्रेपलाञ्चोक ।

**प्रशिक्षण शुल्क:**

प्रतिष्ठानले सञ्चालन गर्ने तालिमहरू तालिमको प्रकृति/किसिम हेरी २ देखि ७ दिनसम्म हुन सक्छ । कृषिवन प्राथमिक चिनारी तालिमका लागि प्रति दिन प्रति ब्यक्ति रू. १५००/- लाग्नेछ, जसमा तालिम खर्च, भोजन तथा आवासको ब्यवस्था पनि समावेश छ । आर्थिक क्षमता नभएका साना संस्थाहरूलाई केही छुट दिन सकिने व्यवस्था छ । तालिम सकिएपछि प्रमाणपत्र दिइनेछ ।

**आर्थिक स्रोत:**

- ❖ सेवा शुल्कको आय ।
- ❖ स्वदेशी, विदेशी वा अन्तर्राष्ट्रिय दातृ संस्था वा ब्यक्तिबाट आएको चन्दा ।

**व्यवस्थापन:**

संस्थाको सञ्चालन साधारण सभाबाट निर्वाचित सञ्चालक समितिले गर्दछ । साधारण सभाले संस्थाको कार्यक्रम र नीति अध्ययन गरी समितिलाई आवश्यक निर्देशन दिन्छ । आय व्ययको सम्पूर्ण विवरण सधैं स्पष्ट राखिन्छ ।


विस्तृत जानकारीको लागि सम्पर्क स्थान:

**नेपाल कृषिवन प्रतिष्ठान ।**

पो.ब.नं.: ९५९४, काठमाडौं ।
फुलबारी, कोटेश्वर, नेपाल ।
टेलिफोन नं.: ०१-५१४७१६०
Email: nafnepal@gmail.com
: nafl@wlink.com.np
Website: www.nafnepal.org.np



*मुद्रक: कल्पतरू प्रकाशन प्रा.लि., गुहेश्वरी फाँट, काठमाडौं, फोन: ९८४१२८२३०५*